नगर उप प्रमुख श्री खडक बहादुर शाह, टिकापुर नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री शारदादेवी रोकाया, गोदावरी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री जुना चौधरी, लम्की चुहा नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री गुलिया कुमारी चौधरी, घोडाघोडी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री राजु तिरुवा, भजनी नगरपालिका, कैलाली ।

नगर उप प्रमुख श्री भोज बहादुर बम, गौरीगंगा नगरपालिका, कैलाली ।

उपाध्यक्ष श्री गणेश राज गिरी, बर्दगोरीया गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री रेखा देवी कठरिया, जोशीपुर गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री लालमती देवी कठरीया, जानकी गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री धनादेवी थापा, चुरे गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री भगवती कुमारी चौधरी, कैलारी गाउँपालिका, कैलाली ।

उपाध्यक्ष श्री कमल साउद, मोहन्याल गाउँपालिका, कैलाली ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री तेज बहादुर चन्द ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री विर्ख बहादुर बुढा ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री लोकेन्द्र बहादुर ताडी ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री जानकी देवी चौधरी ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री दिलु वि.क. ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री भावना चौधरी ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य श्री सरिता भुल ।

जिल्ला समन्वय समिति, कैलालीका सदस्य सचिव एवं जि.स.अ. श्री धर्मराज विनाड़ी

**आमन्त्रित:**

अध्यक्ष श्री यज्ञराज उपाध्याय, राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, कैलाली

प्रतिनिधि श्री ..........................., संघीय आयोजना कार्यान्वयन इकाई-भवन

जि.स.स. प्रमुख

अन्य उपस्थिति

| | | |
|---|---|---|
| १. | विमल प्रकाश जोशी | प्रि. ए. ए. डी. |
| २ | गौरी विनाडी जोशी | " |
| ३ | संगीता जोशी | " |
| ४ | कमला वडाल | " |
| ५ | चेतराज भट्ट | " |
| ६ | शेर बहादुर चौधरी | " |
| ७ | तारा कुमारी बम | " |
| ८ | प्रकाश खनाल | " |
| ९ | तेजराज चौधरी | " |
| १० | ज्ञानेन्द्र बम | " |

## निर्णयहरू

**प्रस्ताव नं .१: शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं .१:** यस जिल्ला सभाका अध्यक्ष एवं जिल्ला समन्वय समिति कैलालीका प्रमुख श्री पदम बहादुर कलेल ज्यूको स्वास्थ्यमा समस्या आई काठमाडौंको वीर अस्पतालमा भर्ना भई उपचाररत रहेको अवस्थामा कलेजो र मृगौला सम्बन्धी गम्भिर समस्याका कारण मिति २०७९ पौष २३ गते दिउँसो १:३८ बजे वहाँको दुखद एवं असामयिक निधन भएकोमा मृतात्माको चिरशान्ति एवं बैकुण्ठ बासको सहित शोक सन्तप्त परिवारजनलाई दुःखको यस घडीमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं .२: का.वा. समन्वय प्रमुख सम्बन्धी निर्णय अनुमोदन एवं सेवा सुविधा सम्बन्धमा ।**

**निर्णय नं .२:** जिल्ला समन्वय समिति कैलालीको मिति २०७९/०९/२५ गते बसेको चालु आ.व. को आठौं बैठकको निर्णयानुसार यस सभाका अध्यक्ष एवं उक्त समितिका प्रमुख श्री पदम बहादुर कलेलज्यूको असामयिक निधन पश्चात समन्वय प्रमुख निर्वाचित भै नआउन्जेल समितिको बाँकी अवधीको निम्ति रिक्त पदको कामकाज गर्नेगरी समितिका उप प्रमुखलाई प्रमुखको हैसियतले सम्पूर्ण कामकाज गर्ने एवं प्रमुखकै सेवा सुविधा पाउने गरी का.वा. प्रमुखको जिम्मेवारी प्रदान गरिदिन जि.स.स. को कार्यालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अनुरोध गरिएकोमा उक्त कार्यालय (प्रशासन तथा बैठक शाखा) को च.नं. ८८८, मिति २०७९/१०/२३ गतेको पत्रबाट सो सम्बन्धमा माननीय मुख्यमन्त्री स्तरको मिति २०७९/१०/२३ गतेको निर्णयलाई उद्धृत गर्दै जि.स.स. को विधायिकी निकाय जिल्ला सभाबाट निर्णय अनुमोदन गराई कार्यान्वयन गर्न उपयुक्त हुने राय प्राप्त भएको सन्दर्भमा उक्त बैठकबाट भएको निर्णयलाई अनुमोदन गर्दै जि.स.स. उप प्रमुख श्री खगराज भुषाललाई समितिको निर्णय मितिदेखि लागू हुनेगरी समन्वय प्रमुखकै सेवा सुविधा पाउने गरी का.वा. प्रमुखको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३: दलित समुदाय संरचना निर्माण सम्बन्धी योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं. ३:** शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई, धनगढीको च.नं. ३०९, मिति २०७९/०९/२४ को पत्रबाट रु. १ करोड बजेटबाट कार्यान्वयन गर्नेगरी "कैलाली जिल्लाको उपयुक्त स्थानमा पूर्वाधार सहितको दलित आवास व्यवस्था कार्यक्रम" छनौट गर्न अनुरोध गरिएको सन्दर्भमा करिब ८६% विपन्न दलित समुदायको बसोबास रहेको गोदावरी न.पा., वडा नं. १०, भागेश्वर टोलमा सुविधा सम्पन्न सामुदायिक भवन आवश्यक रहेको भन्ने बुझिएकोले उक्त टोलमा कार्यान्वयन हुनेगरी "गोदावरी-१०, भागेश्वर टोलमा दलित सामुदायिक भवन निर्माण योजना" छनौट गर्ने र सोही बमोजिम योजना सम्झौता गरी कार्यान्वयन गर्न उक्त इकाईलाई अनुरोध गर्ने निर्णय गरियो ।

का.वा. प्रमुख

का.का. प्रमुख

**प्रस्ताव नं. ४: नदीजन्य पदार्थ उत्खनन् प्रक्रियाको अनुगमन, नियमन र व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं. ४:** नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरणको सन्दर्भमा स्थानीय अनुगमन संयन्त्र प्रभावकारी हुन नसक्दा उक्त कमजोरीको कारणले नदी/खोलाको नियमित धार परिवर्तन हुँदा खेत तथा बस्तीहरु डुबान एवं कटानको चपेटामा परेको र वर्षेनी बालीनाली/ जिउधनको क्षती हुने गरेकोले उक्त समस्या समाधानार्थ प्रत्येक स्थानीय तहले आन्तरीक अनुगमनलाई प्रभावकारी बनाउनु पर्ने भएको हुँदा सोही बमोजिम गर्न जि.स.स. बाट सम्बन्धित स्थानीय तहलाई पटक पटक अनुरोध भएको भएतापनि सो को पालना नभएको कुरामा सहमत हुँदै विगतमा नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन् सँग सम्बन्धित विभिन्न बैठकबाट भएको निर्णय अनुरुप आन्तरिक अनुगमन/नियमन प्रणालीलाई प्रभावकारी बनाउन जिल्लाका सम्पूर्ण स्थानीय तहले सामुहिक प्रतिबद्धता व्यक्त गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५: सीमा विवाद समाधानार्थ विस्तृत विवरण पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५:** जिल्लाका बिभिन्न स्थानीय तहका बीचमा प्राकृतिक श्रोतसाधनको उपयोग लगायतका विषयमा पटक पटक विवाद सृजना हुने गरेको सन्दर्भमा सीमा विवाद र समस्याको दीर्घकालीन समाधानको लागि स्थानीय तहहरुबाट भैआएको अनुरोधको आधारमा नापी विभागबाट विज्ञहरुको टोली खटाई स्थलगत नापनक्साको आधारमा विवादको स्थायी निरुपण गरिदिन प्रदेश सरकार मार्फत नेपाल सरकारलाई अनुरोध गर्नेगरी भएको छैठौं जिल्ला सभाको निर्णयको पृष्ठभुमीमा जिल्ला समन्वय समितिको मिति २०७९/०८/२८ गतेको बैठकबाट माग भए बमोजिम कुनै स्थानीय तहका बीच सीमा विवाद भएमा **"विवादित सीमाका बारेमा विवाद रहेको स्थानको विवरण, उक्त सीमामा दाबिकर्ताको दाबी रहनुको कारण वा तथ्य प्रमाण र उक्त स्थानको श्रोत कसले कहिलेदेखि भोगचलन गरिरहेको छ; अब गरिनुपर्ने के हो ??"** स्पष्ट खुल्नेगरी १३ वटै स्थानीय तहले यस निर्णय बमोजिम पत्राचार भएको मितिले ३५ दिनभित्र विवरण पठाउने र तोकिएको मितिभित्र विवरण प्राप्त भएका स्थानीय तहको विवाद समाधान प्रकृया जि.स.स. ले अघि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६: मुक्त कमैया तथा हलिया पुनर्स्थापना सम्बन्धमा ।**

**निर्णय नं. ६:** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, बसोबास व्यवस्थापन शाखा, सिंहदरवार, काठमाडौंबाट यस जिल्लाका विभिन्न स्थानीय तहमा मुक्त कमैया पुनर्स्थापनाको बाँकी काम गर्नेगरी आ.व. २०७५/०७६ को अन्त्यमा वित्तीय हस्तान्तरण भई आएकोमा बजेटको कार्यान्वयन हुन नसकी फ्रिज भएको, त्यसपछिका आ.व. मा पुनर्स्थापना अन्तर्गत सम्बन्धित निकायबाट बजेट व्यवस्था नभएको, रकम भूक्तानीका लागि लाभान्वित समुदायबाट निरन्तर माग भैरहेको र निकासाका लागि मन्त्रालयमा पटक पटक पत्राचार गर्दापनि *(पछिल्लो पटक मुक्त कमैया पुनर्स्थापना सम्बन्धी मिति २०७८/०४/२२ मा यस जिल्लाका स्थानीय तहको समन्वय बैठक बसी प्रक्रिया अघि बढाइएको)* हालसम्म समस्याको निकास हुन नसकेकोले उक्त समस्यालाई शिघ्राती शीघ्र टुंगोमा पुर्याई मुक्त कमैयाको माग सम्बोधन गरिदिन भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने र सोका लागि **का.वा. जि.स.स. प्रमुख श्री खगराज भुषाल संयोजक तथा भजनी न.पा. का नगर प्रमुख श्री केवल प्रसाद चौधरी र जोशीपुर गा.पा. का उपाध्यक्ष श्री रेखा देवी चौधरी सदस्य रहने गरी ३ सदस्यीय समन्वय एवं सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।**

का.वा. प्रमुख

प्रमुख

**प्रस्ताव नं. ७: राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम-२०७९ लाई सफल पार्ने सम्बन्धमा ।**
**निर्णय नं. ७:** नेपाल सरकारद्वारा सन् २०३० सम्म हात्तीपाइले रोग निवारण गर्ने उद्धेश्यका साथ मुलुकभर संचालित हात्तीपाइले रोग निवारण कार्यक्रम यस जिल्लामा पटक पटक असफल भैरहेको सन्दर्भमा यस वर्ष मिति २०७९ फाल्गुण ११-२५ गतेसम्म संचालन हुने **"हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन अभियान- २०७९"** सम्पूर्ण स्थानीय तहका वडा स्तर सम्मका संयन्त्रको परिचालन गरी पूर्ण रुपमा सफल पार्न सामूहीक प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८: बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापन सम्बन्धमा ।**
**निर्णय नं. ८:** साविक जिल्ला विकास समितिको दायित्व सरिआएको बेरुजु र जिल्लाका १३ वटै स्थानीय तहमा वर्षेनी बढ्दै गएको बेरुजु अंक सुशासन प्रबर्द्धनको सम्बन्धमा ठूलो तगारोको रुपमा रहेकोले सम्पूर्ण कालका बेरुजुको स्पष्ट बुझिने लगत कायम गरी बेरुजु अंक सुधार, असुल उपर एवं व्यवस्थापनको निम्ति योजनाबद्ध रुपमा काम गर्न सबै सरोकारवालाले सक्रिय हुने निर्णय गरियो ।

**प्रस्ताव नं. ९: जि.स.स. सँग सम्बन्धित मुद्धाहरुको कानूनी प्रतिरक्षार्थ बजेट व्यवस्था गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ९:** वादी जि.स.स. समेत र प्रतिवादी शाही कन्स्ट्रक्सन प्रा.लि. का संचालक दान बहादुर शाही भएको नदीजन्य पदार्थसँग सम्बन्धित "दोहोर्याई हेरिपाऊँ" मुद्धा लगायत जि.स.स. वादी वा प्रतिवादी भई अदालतमा विचाराधीन मुद्धाको कानूनी प्रतिरक्षार्थ छैठौं जिल्ला सभाको निर्णय अनुरुप हुनेगरी बजेट व्यवस्था गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: जग्गा नापजाँच एवं पूर्जा वितरण प्रक्रियालाई तीव्रता दिने सम्बन्धमा ।**
**निर्णय नं. १०:** भूमि समस्या समाधानार्थ नेपाल सरकारद्वारा गठित राष्ट्रिय भूमि आयोग, जिल्ला समिति, कैलालीबाट जिल्लाभर संचालित लगत संकलन, प्रमाणीकरण, जग्गा नापजाँच एवं पूर्जा वितरण कार्यमा कतिपय स्थानीय तहमा सोचे अनुरुप प्रगती भएको नदेखिएकोले आयोगको उद्धेश्यलाई तार्किक निष्कर्षमा पुर्याउन कमी कमजोरी र ढिलासुस्तिमा सुधार गरी आआफ्नो जिम्मेवारीको काम तोकिएको समयभित्रै सम्पन्न गर्न जिल्लाका १३ वटै स्थानीय तह र आयोगको जिल्ला समितिले सक्रियता देखाउनु पर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ११: प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्ने सम्बन्धमा ।**
**निर्णय नं. ११:** स्थानीय तह मार्फत संचालन हुनेगरी नेपाल सरकारद्वारा कार्यान्वयन भैरहेको प्रधानमन्त्री रोजगार कार्यक्रम सोचे अनुरुप सफल हुन नसकेको, यसको कार्यान्वयन प्रक्रिया, बेरोजगार छनौट प्रक्रिया र छनौट भएका योजनाका बारेमा पटक पटक आलोचना हुने गरेको सन्दर्भमा शैक्षिक बेरोजगारलाई उपयोग एवं प्रवर्द्धन गर्ने उद्धेश्य सहित उत्पादनमूलक कार्यक्रमको रुपमा कार्यान्वयन गर्नेगरी कार्यविधि संशोधन गरी कार्यान्वयन प्रबन्ध गरिदिन नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।
**प्रस्ताव नं. १२: जिल्ला पार्श्वचित्र (District profile) निर्माण गर्ने सम्बन्धमा ।**
**निर्णय नं. १२:** साविकमा जिल्ला विकास समितिहरुले जिल्ला पार्श्वचित्र निर्माण गर्ने गरेकोमा राज्य पुनर्संरचना पश्चात रुपान्तरित जिल्ला समन्वय समितिको साँघुर्याइएको भूमिकाका कारण बजेट तथा जनशक्ति अभावको कारण ह्राल तथ्यांकीय सूचनाको माध्यमबाट जिल्लाभरको बस्तुगत स्थिति दर्शाउने पार्श्वचित्र (Profile) बन्न नसक्दा अध्येता, नीति निर्माता, योजना तर्जुमा एवं अनुसन्धान प्रक्रियामा संलग्नहरुले भोग्नु परेको कठिनाईलाई मनन गर्दै पुनः जिल्ला समन्वय समिति मार्फत उक्त दस्तावेज प्रकाशन गर्ने प्रयोजनका लागि श्रोत व्यवस्थापन वा श्रोत सुनिश्चितता गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रमुख

का.प्र. प्रमुख

**प्रस्ताव नं. १३: विद्युतीय सवारीसाधनको चार्जिंग स्टेशन स्थापना गर्ने सम्बन्धमा।**

**निर्णय नं. १३:** पेट्रोलियम पदार्थको दुर्लभताका कारण विकल्पको रुपमा भित्र्याइ सवारीसाधनको दीगोपना एवं प्रवर्द्धनका लागि कैलाली जिल्लाको महेन्द्र राजमार्ग र हुला उपयुक्त स्थानमा कम्तिमा २/२ वटा चार्जिंग स्टेशन रहने गरी विद्युतीय सवारीसाधनको स्थापना गरी वातावरणमैत्री सवारीसाधनको विकासमा सहयोग गरिदिन नेपाल विद्युत अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १४: मौज्दात कोष अन्तर्गतका योजना सम्पन्न एवं फरकफारक सम्बन्धमा।**

**निर्णय नं. १४:** जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५ बमोजिम कार्यक्रम व्यवस्थापन समितिको विभिन्न बैठकबाट छनौट भई योजना सम्झौता पश्चात कार्यान्व गएका केही योजनाहरु हालसम्म सम्पन्न नभई भूक्तानी फरकफारक हुन नसकेको सन २०७८/०७९ को अषाढ मसान्तभित्र योजना सम्झौता भैसकेका योजनाहरु चालु आ.व. को अष सम्झौता अवधीभित्र सम्पन्न गरी फरकफारक गरिसक्ने, नगर्नेको हकमा निर्माण सम्पन्न भएको अ बील उठाई निकासा गैसकेको मध्येबाट बचत रकम जि.स.स. को कार्यालयलाई फिर्ता गर्नुपर्ने अधुरो रहन गएको योजना पूर्णताको निम्ति सम्बन्धित स्थानीय तहले आफ्नै श्रोतबाट बजेट वि कार्यान्वयन गर्नुपर्ने, जोशीपुर गाउँपालिकाको प्रशासकीय भवन लगायत भूक्तानी बढी गएक हकमा यस्तो रकम यकीन गरी २०७९ चैत्र मसान्तभित्र सम्बन्धित स्थानीय तहबाट फिर्ता माग फरकफारक गर्न जिल्ला समन्वय समितिको कार्यालयलाई निर्देशन दिने र कोषमा मौज्दात बाँ निर्देशिकाको प्रावधान बमोजिम नयाँ योजना छनौट गरी कार्यान्वयनका लागि आवश्यक अधिकार कार्यक्रम व्यवस्थापन समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १५: सुशासन प्रवर्द्धन र LISA/FRA लाई प्रभावकारी बनाउने सम्बन्धमा।**

**निर्णय नं. १५:** सेवा प्रवाह, कानूनी शासन एवं वित्तीय औजारको उच्चतम व्यवस्थापन गर्दै स्था सुशासन प्रवर्द्धन गर्ने मूल उद्धेश्य सहित संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा FRA कार्यविधी तर्जुमा भई लागू भैसकेको अवस्थामा स्थानीय तहबाट सूचकसँग सम्बन्धित का प्रणालीमा Upload गर्ने क्रममा असान्दर्भिक कागजात पेश गर्ने, मूल्यांकन प्रक्रियाको मर्मप्रति उदा र अस्वाभाविक ढिलाई हुने गरेको सन्दर्भमा प्रत्येक स्थानीय तहमा तोकिएका LISA/FRA focal ले शाखागत रुपमा आवश्यक सूचकको सूची तयार गरी सबै शाखामा राख्न लगाउने, सूचकसँग कागजातको एक/एक प्रति सम्बन्धित शाखाबाट प्राप्त गरी काम सकिएकै बखत फाइलिंग गरिरा संकलित कागजातहरु मूल्यांकन प्रक्रियामा तोकिएको अवधिभित्र प्रणालीमा Upload गरी समयसी काम सम्पन्न हुनेगरी सधैं तयारी अवस्थामा रही मूल्यांकन प्रक्रियाको मर्मप्रति सचेत भैदिन १३ वटै तहहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.१६: गत विगत बैठकहरु एवं जिल्ला सभाका निर्णय कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं.१६:** जिल्ला समन्वय समिति एवं जिल्ला सभाबाट गत विगतमा भएका निर्णयहरु महत्वपूर्ण र दूरगामी महत्वका भएतापनि कार्यान्वयन निकायबाट कार्यान्वयनमा उदासिनता देखिएकोले उक्त निर्णयहरु कार्यान्वयन गर्न सम्पूर्ण सरोकारवाला क्रियाशील हुने निर्णय गरियो।

का.प्र. प्रमुख

प्रस्ताव नं.१७: जिल्ला समन्वय समिति बैठकका निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
**निर्णय नं.१७:** जिल्ला समन्वय समितिबाट छैठौं जिल्ला सभादेखि हालसम्म भएगरेका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्दै आगामी जिल्ला सभासम्म समन्वय समिति, समितिको कार्यालय र स्थानीय तहको प्रभावकारिता अभिवृद्धि गर्न कानून बमोजिम आवश्यक निर्णय लिने अधिकार जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

## *सभामा उठेका अन्य विषयसँग सम्बन्धित निर्णयहरु*

**प्रस्ताव नं. १८: टिकापुर/भजनी क्षेत्रको समग्र पर्यटन प्रवर्द्धन सम्बन्धमा।**
**निर्णय नं. १८:** मुलुककै उत्कृष्ट मध्येको एक टिकापुर पार्क, जलविहारको प्रचुर सम्भावना रहेको कर्णाली नदी, कृषी पर्यटनको बहुउपयोगी व्यावसाय बनाना कटेजहरु र टिकापुर-भजनी न.पा. को सिमानाको पथरैया नदी (पथरैया-काँडा-मोहना नदिको संगम लगायत सम्पूर्ण संरक्षित क्षेत्र ) मा मुलुककै पहिलो डल्फिन संरक्षण क्षेत्र लगायत अनेकन पर्यटकीय सम्भावना बोकेको टिकापुर/भजनी क्षेत्रको एकमात्र विमानस्थल "टिकापुर विमानस्थल" लामो समयदेखि बन्द रहँदा सो क्षेत्रको पर्यटकीय गतिविधिहरुमा मन्दी छाएको कुरालाई मनन गर्दै उक्त विमानस्थललाई यथाशीघ्र संचालन गरी माथि उल्लिखित पर्यटकीय क्षेत्रको प्रवर्द्धनार्थ गुरुयोजना निर्माण सहित समग्र "पर्यटन विकास योजना" छनौट एवं कार्यान्वयन गरिदिन सुदूरपश्चिम प्रदेश तथा संघ सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. १९: स्थानीय तहका जनप्रतिनिधी एवं कर्मचारीलाई क्षमता विकास तालिम सम्बन्धमा।**
**निर्णय नं. १९:** जिल्ला समन्वय समिति लगायत स्थानीय तहहरुको काम, कर्तव्य र अधिकार, बजेट तथा योजना तर्जुमा एवं कार्यान्वयन प्रक्रिया बारे जानकारी, योजना अनुगमन प्रक्रिया/विधी, निर्णय प्रक्रियामा ध्यान दिनुपर्ने विविध पक्ष र ऐन, नियम, कार्यविधी सहित कानून निर्माणका बारेमा आधारभूत जानकारी नहुँदा स्थानीय तहको भूमिका प्रभावकारी हुन नसकेको महसुस गर्दै उल्लिखित विषय सन्दर्भ समेटेर प्रशिक्षण सामग्री निर्माण गरी कैलाली जिल्लाका १३ वटै स्थानीय तहका सम्पूर्ण पदाधिकारीहरुलाई घुम्ती तालिम र स्थानीय तहका कर्मचारीहरुलाई लामो एवं छोटो अवधिका सेवाकालीन तथा पुनर्ताजगी तालिम सघन रुपमा संचालन गरिदिन पुन्ना, डोटी स्थित प्रादेशिक सुशासन केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २०: मुक्त कमैया बस्ती भित्र रहेका सुखा-खडा रुख हटाउने सम्बन्धमा।**
**निर्णय नं. २०:** भजनी न.पा. को मधुवन र सिर्जना बस्ती लगायत ज.ध. पूर्जा वितरण भैसकेका यस जिल्लाका विभिन्न मुक्त कमैया शिविरमा रहेका सुखा-खडा रुखहरु आँधीहुरी र वर्षातको कारण जतिखेर पनि ढली शिविर बस्ती भित्रका घरमा धनजनको ठूलो क्षती हुनसक्ने देखिएकोले सो को लागि पूर्व सावधानी अपनाउन उक्त रुखहरु हटाई जोखिम न्यूनीकरणको निम्ति सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय एवं सहजीकरण गरिदिन प्रमुख जिल्ला अधिकारीज्यू मार्फत जिल्ला विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २१: खक्रौला भन्सारको स्तरोन्नती तथा क्वारेन्टाइन चेकपोष्ट स्थापना सम्बन्धमा।**
**निर्णय नं. २१:** नेपाल र भारतबीच कैलाली जिल्लाको पूर्वी क्षेत्रको प्रमुख व्यापारिक मार्गमा रहेको टिकापुर न.पा. स्थित खक्रौला भन्सारको स्तरोन्नती गरी उक्त भन्सारमा क्वारेन्टाइन चेकपोष्ट समेत स्थापना गर्न योजना छनौट गरी पर्याप्त बजेट प्रबन्ध सहित योजना कार्यान्वयन गरिदिन संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

का. वा. प्रमुख

**प्रस्ताव नं. २२: बाढी अति प्रभावित क्षेत्र घोषणा गरी विपद व्यवस्थापन गर्ने सम्बन्धमा।**

**निर्णय नं. २२:** जिल्लाका प्रमुख नदीहरु मोहना, कान्द्रा, काँडा र पथरैया नदी तटीय कैलारी गा.पा. को दक्षिणी क्षेत्र, भजनी न.पा. र टिकापुर न.पा. को नारायणपुर-धनसिंहपुर क्षेत्र वर्षेनी आउने बाढीको उच्च चपेटामा पर्ने गरेको, बाढी विपदको समयमा सुरक्षित भएर बस्नका लागि उल्लेखनीय "सुरक्षित घर" भवन संरचनाहरु नभएको, नदी सतहको समानान्तर वा केही माथिसम्म हुनेगरी भूबनोट भएको लगायत विविध कारणले उल्लिखित क्षेत्रलाई **"बाढी अति प्रभावित क्षेत्र"** घोषणा गरी विपद व्यवस्थापन कार्यक्रम संचालन गरिदिन संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २३: चुरे गा.पा. का बाढी पहिरो पीडितहरुको व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २३:** चुरे गा.पा. का विभिन्न स्थानमा आएको बाढी पहिरोका कारण विस्थापित भई सोही पालिकाको वडा नं. ४ का पनेरुगडा र टाकगडा, वडा नं. ५ को खानीडाँडा क्षेत्रका अस्थायी टहरामा आश्रय लिई बसेका जनताहरुलाई हटाउनका लागि पटक पटक वन प्रशासनले हटाउने चेतावनी सहित डर देखाउने गरेको सन्दर्भमा निजहरुको व्यवस्थापनको स्थायी विकल्प नहुनसम्म आश्रय लिएका ठाउँहरुमा वन विनास एवं स्थायी संरचना निर्माण नगर्ने शर्तमा बस्ने अनुमती प्रदान गर्न जिल्ला विपद व्यवस्थापन समिति वा सरोकारवालालाई अनुरोध गर्ने र निजहरुलाई भूमिहीन सरह यथाशीघ्र जग्गा व्यवस्थापन गरिदिन राष्ट्रिय भूमि आयोग, जिल्ला समिति कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २४: टिकापुर घटनालाई राजनैतिक घटनाको रुपमा लिई व्यवहार गर्ने सम्बन्धमा।**

**निर्णय नं. २४:** मिति २०७२ भदौ ७ गते टिकापुरमा घटेको हिंसात्मक घटनामा संलग्न भएको आरोपमा निश्चित समुदायका केही व्यक्तिहरुलाई दोषी देखाइएको सन्दर्भमा उक्त घटना राजनैतिक मुद्धा र मागहरुमा आधारित भई गरिएको आन्दोलनमा भएको अप्रिय गतिविधिहरुका कारण सृजित भएको हुँदा उक्त घटनालाई राजनैतिक घटनाको रुपमा लिई सोही बमोजिमको व्यवहार गरिदिन नेपाल सरकार लगायत सरोकारवालालाई अनुरोध गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २५: सामुदायिक वनभित्रका सम्पदाको उपयोग एवं सा.व. को व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २५:** स्थानीय तहको प्रमुख आन्तरिक श्रोतका रुपमा रहेका नदिनाला र तालतलैयाहरु मूलभूत रुपमा वन क्षेत्रभित्र पर्ने गरेको, स्थानीय तहको कानूनी अधिकार क्षेत्र बमोजिम तिनको उपयोग एवं व्यवस्थापन स्थानीय तहले गर्न पाउनु पर्नेमा सामूदायिक वनहरुले **वन ऐन/नियम**हरुको हवाला दिएर उक्त सम्पदाहरु माथि आफ्नो हकदाबी गर्ने गरेको, सा.व. हरुले स्थानीय तहको अनुगमन, नियमन एवं करको दायराभित्र नआई वनको सम्बन्धमा स्थानीय तहको समानान्तर गतिबिधी संचालन गर्दा विकास निर्माण प्रक्रियाको बजेट विनियोजनमा दोहोरोपन हुने गरेको; तर स्थानीय सरकारको रुपमा रहेका पालिकाहरुको समानान्तर संरचना सा.व. का उपभोक्ता समिति हुनसक्ने कुनै सैद्धान्तिक तथा कानूनी आधार नरहेको परिवेशमा स्थानीय सरकार संचालन ऐन र वन ऐनमा बाझिएका प्रावधान संशोधन गरी प्रस्तुत सन्दर्भमा स्थानीय सरकारको सर्वोच्चता प्रवर्द्धन गरिदिन सुदुरपश्चिम प्रदेश सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

प्रमुख

आज मिति २०७९ साल फाल्गुण ०५ गते शुक्रबारका दिन अपरान्ह १:०० बजे (दोश्रो सत्र) जिल्ला समन्वय समिति, कैलालीको सातौं जिल्ला सभा जिल्ला समन्वय समिति कैलालीका का.वा. प्रमुख श्री खगराज भुषालज्यूको अध्यक्षता एवं सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री माननीय कमल बहादुर शाह ज्यूको प्रमुख आतिथ्यतामा तपसिल बमोजिमको उपस्थितिमा धनगढी-५, तारानगर स्थित देव तालिम केन्द्रको हलमा बसी बिभिन्न निर्णय गरियो।

उपस्थिति

अध्यक्षता: जिल्ला समन्वय का.वा. प्रमुख श्री खगराज भुषाल

प्रमुख अतिथी माननीय मुख्यमन्त्री कमल बहादुर शाह

विशिष्ट अतिथी प्रदेश भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय प्रकाश बहादुर देउवा

विशिष्ट अतिथी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्री माननीय नरेश बहादुर शाही

विशिष्ट अतिथी सु.प. प्रदेश सभाका उप सभामुख माननीय कोइलीदेवी चौधरी

नगर प्रमुख श्री गोपाल हमाल, धनगढी उप महानगरपालिका, कैलाली।

नगर प्रमुख श्री रामलाल डंगौरा थारु, टिकापुर नगरपालिका, कैलाली।

नगर प्रमुख श्री विरेन्द्र भट्ट, गोदावरी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री सुशिला शाही, लम्की चुहा नगरपालिका, कैलाली।

नगर प्रमुख श्री खडक बहादुर रावत, घोडाघोडी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री केवल चौधरी, भजनी नगरपालिका, कैलाली।

नगर प्रमुख श्री देवीदत्त कडेल, गौरीगंगा नगरपालिका, कैलाली।

अध्यक्ष श्री कर्ण बहादुर कुँवर, बर्दगोरीया गाउँपालिका, कैलाली।

अध्यक्ष श्री चित्र बहादुर चौधरी, जोशीपुर गाउँपालिका, कैलाली।

अध्यक्ष श्री गणेश चौधरी, जानकी गाउँपालिका, कैलाली।

अध्यक्ष श्री देविदत्त उपाध्याय, मोहन्याल गाउँपालिका, कैलाली।

अध्यक्ष श्री चक्र बहादुर बोगटी, चुरे गाउँपालिका, कैलाली।

अध्यक्ष श्री राजसमझ चौधरी, कैलारी गाउँपालिका, कैलाली।

नगर उप प्रमुख श्री कन्दकला राना, धनगढी उप महानगरपालिका, कैलाली।